








# कोभिड-१९ को सन्दर्भमा व्यापार प्रवर्धन तथा विज्ञापनमा सकारात्मक लैंगिक भुमिकाको प्रवर्धन

## व्यवसायले मनन गर्न योग्य प्रमुख विषयहरू

unicef
for every child

UN WOMEN

# परिचय

**कोभिड-१९ को प्रभावलाई सम्बोधन गर्ने क्रममा विभिन्न व्यवसाय तथा संस्थाहरूले समुदायको हितका लागि विभिन्न सामाग्री प्रसारण गरिरहेका छन्। यी सामाग्रीहरूले रूढिवादी दृष्टिकोणको पक्षपोषण नगरी सकारात्मक र प्रगतिशील लैंगिक दृष्टिकोण अपनाउनु जरूरी छ। यसै सन्दर्भमा सकारात्मक सामाजिक सन्देश संप्रेषण गर्न संस्था तथा व्यवसायहरूलाई सुझाव दिने हेतुले यस सामाग्री तयार पारिएको हो।**

कोरोनाभाइरस रोग (कोभिड-१९) को महामारीको असर अभुतपूर्व रूपमा संसारभर परेको छ। यसबाट सिर्जित तत्कालका स्वास्थ्य जोखिम बाहेक धेरै महिला, बालबालिका तथा तिनका परिवारलाई अत्यन्तै परिवर्तनशील यस परिस्थितिमा शिक्षा तथा बाल हेरचाहमा अवरोध, विभिन्न रोगबाट जोखिम, र रोजगार तथा आय गुम्ने जोखिम बढाएको छ। आवतजावतमा गरिएको कडाई र आर्थिक-सामाजिक वृतमा परेको त्यसको प्रभावकार कारण महिला तथा बालबालिकामाथि दुर्व्यवहार, वेवास्ता तथा हिंसाको जोखिम बढेको छ। यसका अतिरिक्त यौन तथा प्रजनन स्वास्थ्य सेवाका साथै अन्य स्वास्थ्य सेवापनि अवरुद्ध हुने अवस्थामा छन् भने घरेलु हिंसा बढ्दै गएको र बालविवाह तथा कम उमेरमै गर्भवती हुनेको संख्यामा वृद्धि हुने जोखिम बढेको छ।

कोभिड-१९ को महामारीले विश्वव्यापी पैठारी प्रणाली सहित श्रम बजार तथा अर्थतन्त्रमा गम्भिर असर पुऱ्याउनुका साथै कैयौं व्यवसायहरू बन्द हुने अवस्थामा पुऱ्याएको छ। धेरै श्रमिकहरुको रोजगार तथा आय गुम्नुका साथै, गरिबीमा वृद्धि भईरहेको छ। पर्याप्त सामाजिक संरक्षणको अभावमा श्रमजिवी घरपरिवार, र विशेषगरी अनौपचारिक श्रम क्षेत्रमा उल्लेखनीय संख्यामा रहेका महिलाहरूका समस्यालाई झनै बढावा दिएको छ।

रोगसँगको लडाईमा अग्रपक्तिमा रहेका परिवारलाई संक्रमणको जोखिम उच्च रहने, लामो समयसम्म निरन्तर काम गर्नुपर्ने, तनाव तथा मानसिक समस्या बढ्ने आदि हुने हुनाले तिनका परिवार तथा बालबालिकासम्म यसको असर पर्दछ। संसारभरकै स्वास्थ्य तथा सामाजिक क्षेत्रमा कार्यरत जनशक्ति मध्ये ७०% महिला रहेको र तिनको पुरुष बराबर पूर्णकालिन कर्मचारी हुने सम्भावना कम रहेको पाईएको छ। यसका अतिरिक्त महिला र पुरुषको आयमा समेत उल्लेखनीय भिन्नता रहेको पाईन्छ। विद्यालय तथा बालबालिका हेरचाह सेवा बन्द भएको परिप्रेक्ष्यमा घरबाहिर काम गर्ने अभिभावकहरू, विशेषगरि महिलामा घरायसी कामको जिम्मेवारी समेत उल्लेखनीय रुपमा बढेको छ। विश्वव्यापी तथ्यांक अनुसार महिलाले पुरुष भन्दा तीन गुणा बढि आम्दानी नहुने काम गर्ने गरेका छन्। ईबोला र जिका भाइरस जस्ता प्रकोपमा भोगिएको अनुभवका अनुसार यस प्रकारको हेरचाह सम्बन्धी जिम्मेवारीका साथ महिलामा संक्रमणको जोखिमपनि बढ्ने गर्दछ।

यस्तो परिवेशमा श्रोता तथा दर्शकहरूसम्म सेवा तथा सहयोगका सन्देशहरु मार्फत अन्तक्रिया गर्नु र सम्पर्कमा रहनु निकै कठिन हुन्छ। विद्यमान परिस्थितिमा केहि ब्राण्डहरूले बजार प्रवर्धनका लागि नया सामाग्री उत्पादन गर्न संघर्ष गरिरहेका बेला केहिले भने सामाजिक दुरी तथा सरसफाई जस्ता विषय सम्मिलित गरि कोभिड-१९ सम्बन्धी सामाग्री निर्माण गरिरहेका छन्।

युनिसेफ तथा युएन वुमनले कोभिड-१९ लाई बजार प्रवर्धनको अवसरका रूपमा प्रयोग गर्न प्रोत्साहन गर्दैन। तथापि हालको परिस्थितिमा केहि संचार माध्यम तथा ब्राण्ड र संस्थाहरूले यसको उपयोग गर्ने सम्भावना छ।

व्यवसायहरूले कोभिड-१९ बाट जोगिन सघाउने भनि जीवनमा आएको परिवर्तनका साथै समग्र सामाजिक हितको प्रवर्धन तर्फ ईंगित गर्दै विभिन्न वस्तु तथा सेवाहरूको बारेमा सामाग्री प्रसारण गरिरहेका छन्।

यस विश्वव्यापी संकटको समयमा सबैको लाभकालागि हरेकले एकजुट भई सकारात्मक लैंगिक भुमिकाको प्रवर्धन गर्ने उत्तम अवसर प्राप्त भएको छ।

बजार प्रवर्धन सम्बन्धी संचारले पुरुष र बालकहरूका साथसाथै महिला तथा बालिकाहरूको पनि आवाज उठान गरि लैंगिक भुमिकाको सशक्तिकरण गर्नमा ठुलो भुमिका खेल्दै आएको छ। आन्तरिक तथा सार्वजनिक सबै प्रकारका संचारमा अदृष्य रूपमा व्यक्त गरिने पूर्वाग्रही सामाग्रीले विशेष गरि द्रुत गतिमा परिवर्तन भईरहेको परिस्थितिमा चलिआएका रूढिवादी धारणाहरू संप्रेषण गर्नसक्छ।

समग्र संचार र बजार प्रवर्धनका गतिविधि तथा विज्ञापनका माध्यमबाट जब हामीले सकारात्मक लैंगिक भुमिकाको महिलाका दृष्टिकोण समावेश गर्नुका साथै नकारात्मक छवि नराखी सामाग्री प्रसार गर्छौं तब सामाजिक मान्यताहरूमा परिवर्तन ल्याउन र भेदभाव अन्त्य गर्न तथा घरायसी हेरचाहको जिम्मेवारीमा समेत सन्तुलन ल्याउन ठुलो योगदान पुग्नेछ।

सकारात्मक परिवर्तनको लागि जनचेतना जगाउनका साथै महिलाको आवाज तथा नेतृत्वको महत्वलाई प्रवर्धन गर्नपनि आपतकालीन परिस्थितिले एक अवसर प्रदान गर्दछ। परम्परागत लैंगिक छवि र परम्परागत सोचलाई बदल्नका साथै सबै क्षेत्रमा समानता सुनिश्चित गर्न नेतृत्व लिने अधिकार, निर्णयको अधिकार, घरायसी जिम्मेवारी र बालबालिकालाई पढाउने तथा हेरचाह गर्ने जिम्मेवारी सबैमा बराबरी बाडिनुपर्दछ।

# बजार प्रवर्धन तथा विज्ञापनका माध्यमबाट लैंगिक समानता र सकारात्मक छविको प्रतिनिधित्व सुनिश्चित गर्ने सम्भावना

**कोभिड-१९ को संकटका समयमा बजार प्रवर्धन गर्न लक्षित संचारले सबैको हित हुने गरि लैंगिक समानताको लागि सकारात्मक पहल गर्न सक्दछ। महिला तथा बालिकामाथि भार वृद्धि गर्न सक्ने हुनाले अहितकारी लैंगिक छविको प्रवर्धन नगर्नकालागि तीन P (3Ps – Presence, Perspective and Personality) उपस्थिती, दृष्टिकोण, व्यक्तित्व विधिको अवलम्बन गर्ने बारे सोच्नुहोस्।**

| उपस्थिती | दृष्टिकोण | व्यक्तित्व |
| --- | --- | --- |
| उक्त संचार सामाग्रीमा कसको चित्रण गरिएको छ। बालक, बालिका, महिला, र पुरुष आदि विविध पृष्ठभुमिका मानिसहरू सम्मिलित गरिएको सुनिश्चित गर्नुहोस्। | उक्त संचार सामाग्रीमा कसको दृष्टिकोण समावेश गरिएको छ। महिला तथा पुरुष दुवैको दृष्टिकोण समावेश भएको सुनिश्चित गर्नुहोस्। | उक्त सामाग्रीमा देखाईएको चरित्रको गहिराईमा ध्यान दिनुहोस्। पुरुष तथा महिला, बालबालिका तथा युवा सबैलाई बहुआयामिक व्यक्तित्वका रूपमा चित्रण गर्नुहोस् |

# कार्यविधि र कार्यकक्षका अभ्यासहरूको चित्रण



आफ्ना कर्मचारीहरूलाई संक्रमणको जोखिमबाट जोगाउन व्यवसायहरूले आवश्यक कदमहरू चालिरहेको र धेरै कर्मचारीले पहिलो पटक घरबाट काम गरिरहेको अवस्थामा कर्मचारी, कार्यालय तथा घरायसी वातावरणहरूको चित्रणमा सकेसम्म विविधता अपनाउने कोशिस गर्नुहोस् र संसारभर उपलब्ध प्रविधि तथा व्यवहारिक समाधानहरूलाई समावेश गर्नुहोस्। उदाहरणको लागि निम्नानुसारका सुझावहरू हेनहोस्:

- विभिन्न परिस्थिति तथा नेतृत्वको भुमिकामा महिला तथा पुरुषले काम गरिरहेको देखाउनुहोस्।
- एकै घरमा धेरै पुस्ता रहेको परिवार, एकल महिला वा पुरुषले नेतृत्व गरेका परिवार, र अन्य सगोल परिवार जस्ता विविध पारिवारिक वातावरण र काम गर्ने अवस्थाको चित्रण गर्नुहोस्।
- विभिन्न प्रकारका परिवार भित्र साझा ठाउँको प्रयोग गरि टेलि-वर्किङ्ग गरेको (जस्तै दम्पति र परिवारका अन्य पुरुष र महिला सदस्यहरुले साझा स्थानको प्रयोग गरेको, घर वा कोठा साझा रुपमा प्रयोग गरेको स्थिति आदि) चित्रण गर्नुहोस्।
- सामाजिक दुरी कसरी कायम गर्ने, आवतजावत गर्दा कसरी सुरक्षित रहने तथा पसल र वितरकबाट मगाईएका सामान घरमा कसरी भित्राउने आदि बारे सल्लाह दिँदा सबै लिंग तथा विविध माहौलको चित्रण गर्नुहोस्।
- स्वास्थ्य सम्बन्धी परिवेशको चित्रण गर्दा, संसारभरमै स्वास्थ्य र सामाजिक क्षेत्रमा काम गर्ने जनशक्ति मध्ये ७० प्रतिशत महिला हुने तथ्य ईंगित गर्नुहोस र महिलाहरू नर्स, सरसफाई गर्ने कर्मचारी वा क्याटरिङ्ग सेवामा मात्र नभई डाक्टर र निर्णयकर्ता समेत भएको चित्रण गर्नुहोस्।
- सुचना प्रविधिको प्रयोग मार्फत परिवारका सबै सदस्यले कसरी प्रभावकारी तवरले काम गर्न सक्दछन् भनेर देखाउनुहोस् र पुरुषले जति नै महिलालेपनि प्रविधिको प्रयोग गरेको देखाउनुहोस्।
- परम्परागत बाहेकका आधुनिक काम गर्ने भुमिकामा (कारखाना बन्द भएपछि आफ्नो गाउँ फर्किंदै गरेकी महिला, वा केहि हप्तामा बन्द हुन गईरहेको सुचना प्रविधि संस्था त्याग्दै गरेको आदि) महिलालाई चित्रण गर्नुहोस्।
- समाजका विभिन्न जाति, वर्ग, क्षमता तथा शारिरिक बनोट समावेश गर्नुका साथै तस्वीर तथा समग्र सामाग्रीमा सबै लिंगको प्रतिनिधित्व सुनिश्चित गर्नुहोस् ।


# घरमा शिक्षा



स्वास्थ्यको रक्षाका लागि धेरै देशहरूले आवतजावतमा कडाई गरिरहेको अवस्थामा बालबालिकालाई घरमै शिक्षा दिन थप श्रोतहरूको आवश्यकता पर्नेछ। यस परिवेशमा सकारात्मक लैंगिक भुमिका प्रवर्धन गर्नकालागि निम्न उपायहरू अवलम्बन गर्न निम्नानुसारका सुझावहरू हेर्नहोस्:

- सबै उमेरका बालबालिकालाई घरमै शिक्षा दिँदा आमाले मात्र नभई पुरुष तथा महिला दुवैले योगदान दिएको चित्रण गर्नुहोस्।
- विद्यालय बन्द भएको अवस्थामा घरमै पढाई गरिरहेको अवस्थामा बालकका साथै बालिकाहरूलाई पनि समय, स्थान र श्रोत दिईएको देखाउनुहोस्।
- घरमै शिक्षा दिईएको अवस्थामा प्रयाप्त शैक्षिक सामाग्री जस्तै पुस्तक, खेलौना तथा खेलहरू बालक तथा बालिका दुवैकालागि उपलब्ध भएको देखाउनुहोस्। नकारात्मक तथा रुढिवादी चरित्र-चित्रण भएको नदेखाउनुहोस्।
- घरमै शिक्षा दिईएको अवस्थामा बालक तथा बालिकाहरूले अपरम्परागत शिक्षामा रुचि भएको देखाउनुहोस्, जस्तै बालिकाहरूले विज्ञान, प्रविधि, ईन्जिनियरिङ तथा गणित र बालकहरूले कला र भाषा सिकेको आदि।
- बालबालिकालाई हात धुने सहि तरिका सिकाउँदा महिला तथा पुरुष दुबैले सिकाएको देखाउनुहोस्।

# घरायसी काम तथा हेरचाहको जिम्मेवारी



किनमेल गर्ने नियमित दिनचर्यामा रोकावट आएको र परिवारका सदस्यहरू घरमै बसेको अवस्थामा घरायसी काम तथा हेरचाहका जिम्मेवारीहरू कस-कसले वहन गरिरहेको छ भनेर सकारात्मक तवरले देखाउन सकिन्छ। उदाहरणको लागि:

• घरका सबै प्रकारका कामहरू सबैजनामा बराबरी बाडिएको चित्रण गर्न जोड दिनुका साथै सबैलाई जिम्मेवारी बराबर बाड्न र समान अवसर दिन प्रोत्साहन गर्नुहोस्।

• बालक तथा पुरुषहरूलेपनि खाना बनाएको, घरायसी काम गरेको, साना बालबालिकाहरूलाई घरमै हेरचाह गरेको वा स्वास्थ्य संस्था तथा अस्पताल पुऱ्याएको देखाउनुहोस् र बालक तथा पुरुषहरूलेपनि सरसफाईका काम राम्रोसँग गरेको देखाउनुहोस्।


• आमा तथा बाबु दुबैले हात धुने सहि तरिकाका साथै सफा खाना तयार पार्दै गरेको देखाउनुहोस्। परिवारको सफाईको जिम्मा महिला तथा आमाहरूको मात्रै हो भन्ने गलत परम्परागत सोचलाई बढावा नदिनुहोस्।

• बालक तथा पुरुषहरूलेपनि साना बालबालिका, बिरामी तथा वृद्धका साथै महिला र बालिकाहरूकोसमेत हेरचाह गरेको देखाउनुहोस्।

• बजार प्रवर्धन तथा विज्ञापनका माध्यमबाट महिला तथा बालबालिकामाथि हुने घरेलु हिंसाको अन्त्य गर्ने सन्देश दिनुहोस्।

• परम्परागत रुपमा महिलाको जिम्मेवारीमा पर्दै आएका कामहरूलाई पनि पुरुषका जिम्मेवारीमा पर्ने कामलाई जत्तिकै बराबरी महत्व दिएर प्रसारण गर्नुहोस्। आफ्ना सामाग्रीहरूको माध्यमबाट परम्परागत रुपमा महिलाको जिम्मेवारीमा पर्दै आएका कामहरू पुरुष र बालकहरूले गरेको देखाउनुका साथै प्राय पुरुषले गर्ने भनेर बुझिएका कामहरू महिला तथा बालिकाहरूले गर्न सक्छन् भन्ने देखाउनुहोस्।

# शारिरिक अभ्यास तथा व्यक्तिगत स्वास्थ्यका विकल्पहरू



घर बाहिरको आवतजावत निषेधित गरिएको अवस्थामा स्वस्थ रहनकालागि घर भित्रै शारिरिक अभ्यास गरिएको चित्रण गर्दा रुढिवादी गलत अभ्यासहरूलाई प्रोत्साहन नगर्नुहोस्। उदाहरणका लागि:

• बालक तथा बालिकाहरू र पुरुष तथा महिलाहरू सबैले घरमा अभ्यास गरेको, र आमा तथा बाबुका साथै महिला तथा पुरुष हेरचाहकर्ताहरूलेपनि ( बालबालिकालाई सहभागि गरेर वा नगरी) शारिरिक अभ्यास गरेको देखाउनुहोस्।

• बालक र पुरुष र बालिका र महिलाहरू सहभागी हुने खेलमा परम्परागत सोच नराखी दुबैले सबै प्रकारका खेलकुदमा भाग लिएको देखाउनुहोस्।

• क्वारेन्टाईनमा बसेको समयलाई महिला तथा किशोरीहरूको लागि वजन घटाउने र सुन्दरता निखार्ने समयका रूपमा चित्रण गर्ने संदेश नदिनुहोस्।

• महामारीका समयमा बालबालिका तथा तिनका अभिभावकहरूलाई आफ्ना भावना तथा मानसिक उल्झनहरू एक अर्कासँग व्यक्त गर्न प्रोत्साहित गर्दै-गर्दा विशेष गरि बालक तथा पुरुषहरूलेपनि पीडा र शोक सहित सबै प्रकारका भावना अनुभव र व्यक्त गरेको देखाउनुहोस्।

# बजार प्रवर्धन भन्दा माथि रहेर लैंगिक समानताका लागि पहल गर्नुहोस्

**लैंगिक समानतालाई सशक्तिकरण गर्नमा बजार प्रवर्धन, विज्ञापन तथा अन्य संचार प्रसारण बाहेकपनि व्यवसाय तथा उद्यमका लागि महत्वपूर्ण भुमिका रहन्छ। कोभिड-१९ को संकटका बेलामा जोखिममा रहेका समुदायको संरक्षण गर्न निजी क्षेत्रको भुमिका झनै महत्वपूर्ण हुनजान्छ। लैंगिक समानता प्रवर्धन गर्न ठोस कदमहरू चाल्नकालागि महिला सशक्तिकरणका सात सिद्धान्तहरूले व्यवसायहरूलाई विस्तृत मार्गनिर्देशन दिन सक्छ।**

**निम्नानुसारका बुँदाहरूले कार्यालय, बजार तथा समुदायमा सकारात्मक लैंगिक मान्यताहरू स्थापित गर्न उपायहरू सुझाएका छन्।**

## कार्यालय

सबै संस्था तथा व्यवसायहरूले कोभिड-१९ द्वारा सिर्जित चुनौतीहरूका साथै लैंगिक संवेदनशील र समावेशी कार्यालय नीतिहरू अवलम्बन र कार्यान्वयन गरेको सुनिश्चित गर्नुहोस्। उदाहरणको लागि सुरक्षाको सुनिश्चितता, तालिम दिनु र व्यवसायिक विकास आदि पर्दछन्। यि कदमहरूले निम्न उद्देश्य राख्न सक्छन् :

• विशेषगरि महिला र पुरुष अभिभावक तथा हेरचाहकर्ता लगायत परिवारमा महत्वपूर्ण जिम्मेवारी लिएका कर्मचारीहरूकालागि लचकदार समयतालिकामा काम गर्ने छुट दिनुका साथै पूर्ण आय सुनिश्चित गर्नुहोस्।

• अप्रत्यासित रुपमा घरमै बसेर काम गर्नुपर्ने अवस्था आएका कर्मचारीहरूलाई आवश्यक तयारी, प्रक्रिया तथा प्रविधिका बारेमा उपयुक्त तालिमका साथै मार्गनिर्देशन दिनुहोस्।

• सेवा क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई (यसमा अधिकांश महिला पर्दछन्) कम्तीमा स्वास्थ्य बीमाको व्यवस्था गर्दै आपतकालिन भत्ता दिने कोशिस गर्नुहोस्।

• घरेलु हिंसा तथा दुर्व्यवहारबाट जोगिनका लागि सहायता दिन, र त्यस सम्बन्धी जोखिमका साथै त्यस्ता घटना घटेमा उजुरी गर्नका लागि सहजै सेवा लिन सकिने हटलाईनको व्यवस्था गर्नुहोस्।

## बजार

कोभिड-१९ को रोकथाममा सघाउन पैठारी प्रणाली तथा अन्तर्क्रियाका विधिलाई समावेशी तथा जवाफदेहि बनाउँदै सबैलाई सुरक्षित, सुदृढ र सम्पर्कमा राख्नुहोस्। यसकालागि अवलम्बन गर्न सकिने केहि उपायहरू:

• महिलाको स्वामित्वमा रहेका वितरकलाई सघाएर र आफ्ना विज्ञापनमा तिनलाई स्थान दिएर पैठारी प्रणालीमा विविधता सुनिश्चित गर्नुहोस्।

• विशेष गरि महिलाको स्वामित्वमा रहेका स्थानीय उद्यमहरूको पहिचान गर्दै र तिनले उत्पादन गरेका वस्तु तथा सेवालाई प्राथमिकतामा राख्दै यो समयलाई स्थानीय उत्पादनलाई प्रवर्धन गर्ने अवसरका रूपमा लिनुहोस्।

• सञ्चार र सम्पर्कमा वृद्धि गर्नुका साथै घुम्ती सेवाको प्रयोग द्वारा स्थानीय वितरकलाई तिनका उत्पादनको विक्री गर्न सहयोग गर्नुहोस्।

• अनुदान तथा लगानीका अवसरहरूका माध्यमद्वारा साना तथा महिलाको स्वामित्वमा रहेका उद्यमहरू बीच सम्पर्क गराउनुहोस्।

## समुदाय

कोभिड-१९ जस्तो संकटका समयमा उद्यमी व्यवसायीहरूले आफ्ना ग्राहक मात्र नभई समग्र समुदायलाई धेरै तरिकाले सघाउन सक्छन्। उदाहरणका लागि केहि उपाय निम्न हुनसक्छन् :

• विशेषगरि कोभिड-१९ द्वारा सिर्जित चुनौतीहरूको सामना गर्न महिला तथा किशोरीहरू तर्फ लक्षित विशेष वित्तिय सेवाहरू प्रवर्धन गर्नुहोस्।

• व्यक्तिगत सुरक्षा उपकरण, खाद्यान्न तथा सेवाहरू दान गर्नुहोस्।

• घरभाडा र खानेपानी, ग्यास, विजुली, ईन्टरनेट जस्ता कर्मचारीका अत्यावश्यक घरायसी खर्चहरू व्यहोर्ने कोशिस गर्नुहोस्।

unicef
for every child

UN WOMEN